# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक ३२९ | बुटवल | २०८१ मंसिर २१, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Dec. 06, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## भैरहवामा नवौं लुम्बिनी महोत्सव सुरु :

# अर्थतन्त्र सुध्रिँदै गएको छ : अर्थमन्त्री पौडेल

**मोहम्मद हबिब**

*भैरहवा*

उप-प्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अहिले मुलुकको अर्थतन्त्रको अवस्था सुध्रिंदै गएको बताएका छन् । सिद्धार्थ उद्योग वाणिज्य संघको आयोजनामा भैरहवामा सुरु नवौं लुम्बिनी राष्ट्रिय महोत्सव २०८१ को समुद्घाटन गर्दै मन्त्री पौडेलले यो सरकारले अर्थतन्त्रका सबै समस्याको समाधान गरेर अर्थतन्त्रलाई चलायमान बनाउने बताए । उनले उद्योगी व्यवसायीको मनोबल बढाउँदै आत्मविश्वासका साथ राष्ट्र निर्माणमा अगाडि बढ्न अनुकुल आधार निर्माण गर्ने बताए ।

'जस्तो परिस्थितिमा सरकारको जिम्मेवारी लिएका थियौ, आर्थिक, सामाजिक, साँस्कृतिक अनेक रुपमा समस्याको चाङ थियो, सरकार बनेपछि जनतामा आशा विश्वास बढेकोले नै समस्या समाधान हुँदैछन्,' उनले भने-'हामीले छलफल गरेर अर्थतन्त्रमा सुधार ल्याउन प्रभावकारी योजना बनाई आवश्यक परे द्रुत मार्गबाट कानुन निर्माण र संशोधन गरेर आवश्यक निर्णय लिने छौं ।'

उनले लगानी, व्यवसाय र उद्योगका लागि अनुकुल वातावरण निर्माण गर्नेगरी सरकार उत्साह र आत्मविश्वासका साथ अगाडि बढेको बताए । उनले निजी क्षेत्रलाई उत्साहका साथ अगाडि पनि बढ्न आग्रह गरे । सरकार संरक्षक भएर समस्याको समाधान गर्न अभिभावकीय भूमिकामा प्रस्तुत हुने बताए ।

उनले गौतमबुद्ध विमानस्थलको बारेमा आशंका र अफवाहबाट प्रभावित हुन नहुने बताउँदै यो रुपन्देही र लुम्बिनीको मात्रै योजना नभई राष्ट्रको गौरबको आयोजना भएकोले पूर्ण क्षमताको विमानस्थल बनाउन थप आवश्यक पूर्वाधार निर्माण गर्ने बताए । 'एकाध समस्या आए पनि त्यसलाई समाधान गर्दै अगाडि बढ्दैछौं, विमानस्थलबारे सरकारले गरेका निर्णयहरु क्रमशः कार्यान्वयन हुँदैछन्,' उनले भने-'निजी क्षेत्रले गर्ने कामहरु गर्नुपर्छ । विमानस्थल राम्रोसँग चल्छ । कसरी चल्छ, हामी देखाउँछौं ।'

मन्त्री पौडेलले भैरहवालाई समुन्नत र आधुनिक शहरका रुपमा विकास गरिने धारणा राखे । उनले निर्माणधीन आयोजना देखाउँदै निराशा छर्ने काम भएको गुनासो गरे । बुटवल-नारायणगढ सडकमा केही समस्या देखिए पनि त्यसको समाधानको लागि सम्बन्धित देशसँग समन्वय गरिरहेको उनको भनाइ थियो ।

भैरहवास्थित अञ्चलपुरमा सुरु भएको महोत्सव आगामी पुस १ गतेसम्म चल्ने छ । स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धन, सुस्त रहेको आर्थिक क्षेत्रलाई चलायमान बनाउने पर्यटन क्षेत्रको प्रचारप्रसारमा मद्दत गर्ने उद्देश्यसहित संघले महोत्सव आयोजना गरेको हो ।

कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य सन्तोषकुमार पाण्डेयले जबसम्म कर्मचारी र नेता आर्थिक रुपमा सम्पन्न हुन चाहन्छन् तबसम्म राष्ट्र आर्थिक रुपमा सबल नहुने बताए । 'नेपाल पर्यटनकैलागि बनेको बताउँदै हामीसँग भएको प्राकृतिक सम्पदा, गौतमबुद्धको जन्मस्थल जस्ता बनाउन नसकिने पर्यटकीय गन्तव्यहरु भएकोले सहज रुपमा पर्यटक आउने वातावरण बनाउनु पर्छ ।'-उनले भने ।




'पर्यटकलाई दुःख दिएर हुँदैन । पर्यटकका लागि हामी आफैं बाधक भएकोले त्यसलाई सुधार गर्न आवश्यक छ,' उनले भने -'बुद्धको माध्यमले आर्थिक समृद्धि ल्याउँछौं भनेर सबैले अभियान चलाई पर्यटकलाई सहज रुपमा भित्र्याउनु पर्छ ।'

सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँले मगन्ते सोच परिवर्तन गर्नुपर्ने भन्दै बिजुली निर्यात नगरी व्यापार घाटा कम गर्न सकिने बताए । उनले प्रकृतिले भरिपूर्ण देशभए पनि विकासको स्पष्ट योजना नै नभएकोले मगन्ते सोचबाट टाढा रही योजनासहित देश विकास हुने बताए ।

'आर्थिक गतिविधि धेरै हुँदा समग्र अर्थतन्त्रलाई फाइदा गर्छ', उनले भने-'यसका लागि यस्ता महोत्सव कोशेढुंगा सावित हुनसक्छन् ।' उनले नगरपालिकाले सबै क्षेत्रको एकीकृत विकास गरिरहेको जनाए ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले आयआर्जन गर्ने उद्देश्यले भन्दा सबैलाई एकिकृत गर्ने योजनाले यस्तो मेला आयोजना हुने हुँदा यसलाई सबैको मेलाको रुपमा लिनु पर्ने बताए । अहिलेको अवस्था उद्योगी-व्यवसायी मैत्री नभएको भन्दै सरकारले निराशालाई आशामा बदल्न नसकेको बताए । 'अहिले उद्योग-व्यवसाय धमाधम बन्द भइरहेका छन् । यसलाई उकास्न जरुरी छ', उनले भने-'सरकारले सहुलियत दिएर वा अन्य उपाय खोज्न जरुरी देखिन्छ ।'

संघका अध्यक्ष एवं महोत्सव मूल आयोजक समितिका संयोजक ठाकुरकुमार श्रेष्ठले अहिलेको विषम् परिस्थितिमा निराशालाई आशामा बदल्ने प्रयास गरिएको जनाए । सबै उत्पादनको एकैथलोमा प्रदर्शन हुने भएकाले सिथिल अर्थतन्त्रलाई चलायमान बनाउने उनले बताए । उनले मेलामा आएर नयाँ उद्यम गर्न चाहनेले उद्यमशीलता बन्ने उपाय र योजना सिक्न सक्ने जनाए । उनले व्यापार गरिरहेकाहरुका लागि यो मेला शिक्षा हुने र जो व्यापार गरेर स्थापित भएका छन्, उनीहरुका लागि यो अध्ययन हुने बताए ।

गौतबुद्ध विमानस्थललाई पूर्णक्षमतामा चलाउनु पर्ने, भिषा, म्यानपावर, श्रमस्वीकति, नोअब्जेक्सन लेटर, स्वास्थ्य परीक्षण संस्थालगायत तत्काल खोल्न उनले आग्रह गरे । यस्तै, भारतीय पर्यटकले कम्तिमा ५ हजार डलर बोकेर नेपाल आउन पाउनुपर्ने, भैरहवामा नेपाल पर्यटक बोर्डको कार्यालय खोल्नुपर्ने, सेजमा देखिएका समस्या समाधान गर्नुपर्ने, ट्रंकलाइनको समस्या समाधान गरी पीडित उद्योगीलाई सहयोग गर्नुपर्ने, आइसीपीलाई रेल्वे कनेक्सनसम्म जोड्नुपर्ने, भैरहवाबाट सुर्खेत, नेपालगंज, विराटनगर, जनकपुर धनगढीलगायतमा आन्तरिक हवाई उडान सञ्चालन गर्नुपर्ने, बेलहिया नाकामा पर्यटकलाई सहजरुपमा आगमनको व्यवस्था गर्नुपर्ने बताउँदै उनले भैरहवाबाट बौद्धिष्ट मुलुकमा हवाई उडान गर्नुपर्नेलगायतका माग सरकारसँग राखे ।

'पर्यटन, उद्योग, कृषि र व्यापार, राष्ट्रिय समृद्धिको आधार' भन्ने मूल नाराका साथ आयोजित महोत्सव उद्घाटन अघि करिब ३ सय संघसंस्थाका प्रतिनिधिको सहभागितामा भैरहवाको देवकोटाचोकदेखि बाजागाजासहित विभिन्न जातजातिको सांस्कृतिका झाँकीसहित ऱ्याली निकालिएको थियो ।

## 'चीनसँग ऋण लिने सम्झौता भएन'



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले चीनसँग ऋण लिने गरी कुनै पनि सम्झौता नगरिएको प्रष्ट पारेका छन् ।

चीन भ्रमणबाट फर्किएपश्चात् विमानस्थलमा पत्रकार सम्मेलनमा कुरा गर्दै उनले बीआरआईका परियोजनाहरुमा सम्झौता भएको बताए ।

'ऋणको विषयमा कुनै छलफल भएन । अहिले हामीले जे प्राप्त गरेका छौं त्यो ऋण होइन भन्ने धेरैपटक दोहोऱ्याएका छौं । ऋणको कुरा चलेकै छैन । किन ऋण ऋण भनेर सारंगी बजेको छ, मैले बुझ्न सकेको छैन ।'-ओलीले भने ।

प्रधानमन्त्रीले भारतभन्दा पहिले चीन भ्रमण गर्दा नेपाल उत्तरतिर ढल्केको चर्चा भइरहेको छ नि भन्ने पत्रकारको प्रश्नलाई प्रधानमन्त्रीले खण्डन गरे ।

उनले भने-'दक्षिणको मिडियाले मित्रहरुलाई भड्काउने, आक्षेप गर्ने कुरा गरेको छ भने त्यो राम्रो तरिका होइन । भारतका लिडरहरुले यस्तो गरेको थाहा छैन ।'

प्रधानमन्त्रीले चीन पछि अब भारतको भ्रमणको तयारी गर्ने बताए ।

ओलीले भ्रमणमा नेपाल-चीनको सम्बन्ध प्रगाढ बनाउने विषयमा चिनियाँ पक्षसँग सौहार्दपूर्ण कुराकानी भएको जानकारी दिए ।

## उर्जामन्त्रीको कार्यकक्षमा माओवादीको आपत्ति



बुटवल । ऊर्जामन्त्री दीपक खड्काले विद्युत् प्राधिकरणमा कार्यकक्ष खोलेकोप्रति प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रले आपत्ति जनाएको छ ।

अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड निवास खुमलटारमा बसेको बैठकले सरकारले प्राधिकरणको काममा अवरोध गर्न खोजेको निष्कर्ष निकालेको प्रवक्ता अग्निप्रसाद सापकोटाले बताए ।

'विद्युत् प्राधिकरणले लाइन काट्ने कुरा गरिरहेको छ । त्यसमा मन्त्रीले नै अनौठो गरी इतिहासमै नभएको कुरा विद्युत् प्राधिकरणमै कार्यकक्ष खोलेर विद्युत् प्राधिकरणले गरिरहेको काममा अवरोध सिर्जना गर्ने काम गरिरहेका छन् । यसअर्थमा सरकार बिचौलिया र भ्रष्टाचारी जोगाउने काम गरिरहेको छ । अब यस्ता सरकारका कदमकाविरुद्धमा व्यवस्थित खबरदारी सभा गर्नेछौं ।'-सापकोटाले भने ।

उनले माओवादी सरकार भत्काउने खेलमा नरहेको पनि प्रष्टीकरण दिए । सापकोटाले भने-'हामी सरकार भत्काउनतिर लागेका छैनौं, हामी नभत्कियोस् भन्ने चाहन्छौं । सरकारको यो जनविरोधी काम, भ्रष्टाचारीहरुलाई संरक्षण गर्ने कामले अराजकतावादीहरुले मौका नपाउन् भन्ने चिन्ता छ । त्यसैले हामी चाँडोभन्दा चाँडो विचार, सिद्धान्त र कार्यक्रम लिएर जानुपर्छ भन्ने तयारीमा छौं । सरकारतिरको छलफलमा छैनौं ।'

## कोशीका पूर्वमन्त्रीविरुद्धको रिट दर्ता

बुटवल । मानव तस्करीमा मुछिएका कोशी प्रदेशका पूर्वमन्त्री लिलाबल्लभ अधिकारीलाई उन्मुक्ति दिइएको विषयमा सर्वोच्च अदालतमा पेस भएको रिट निवेदन दरपिठ भएपछि त्यसविरुद्ध फेरि इजलासमा निवेदन पेस भएको छ ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले सर्वोच्च प्रशासनको दरपिठ आदेशविरुद्ध बिहीबार इजलासमा निवेदन पेस भएको जानकारी दिए । 'कोशीका पूर्व मन्त्रीलाई मानव तस्करी मुद्दामा उन्मुक्ति प्रदान गरेकोमा सोविरुद्धको मेरो रिटलाई दरपिठ गरिएकोमा सो दरपिठ आदेशलाई बदर गर्न मैले सर्वोच्च अदालतमा निवेदन पेस गरेको निवेदन अहिले दर्ता भएको छ ।'-उनले भने ।

रिटको सुनुवाइ आगामी मङ्सिर २३ गते आइतबार हुने उनको भनाइ छ । यसअघि त्रिपाठीले पेस गरेको रिट निवेदनमा आइतबार निर्णय गर्दै सर्वोच्च अदालतका रजिस्ट्रार भद्रकाली पोखरेलले रिट दर्ता गर्न अस्वीकार गर्दै दरपिठ गरेका थिए । मानव तस्करी गर्ने एक समूहसँग मन्त्री अधिकारी पनि जापान पुगेका थिए । उनी जापानी अध्यागमनबाटै फर्केपछि प्रहरीले मानव तस्करीमा संलग्नहरूलाई पक्राउ गरेर अनुसन्धान थालेको थियो । अनुसन्धानका लागि मन्त्री अधिकारीलाई पनि हिरासतमा लिइएको थियो । तर जिल्ला सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा मुद्दा दायर गर्दा मन्त्रीलाई विभिन्न नौ आधार देखाउँदै मुद्दा नचल्ने निर्णय गरेको थियो ।

उक्त निर्णय बदर हुनुपर्ने र पुनः अभियोग पत्र दायर गर्नु भनी आदेश माग गरेर त्रिपाठी सर्वोच्च पुगेका थिए ।

## 'पोषण' सुधार्न लुम्बिनीमा विशेष कार्यक्रम'



देउखुरी । कुपोषणलयातका स्वास्थ्य समस्या निदान गर्न लुम्बिनीमा विशेष कार्यक्रम सञ्चालन गरिएको छ । लुम्बिनी प्रदेश सरकारले महिला, बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार कार्यक्रम सञ्चालन गरेको छ । स्वास्थ्य मन्त्रालयले यो कार्यक्रमलाई १२ जिल्लामा लागू गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले नागरिकको स्वास्थ्य र जीवनस्तर सुधार गर्न सरकारले उच्च प्राथमिकता दिँदै विशेष कार्यक्रम अघि बढाएको जानकारी दिए ।

प्रदेशस्तरीय खाद्य सुरक्षा तथा बहुक्षेत्रिय पोषण विषयक अनुभव तथा सिकाइ आदानप्रदान कार्यक्रमलाई दाङको भालुबाङमा बिहीबार सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले नागरिकको स्वास्थ्य र जीवनस्तर सुधार गर्न उच्च प्राथमिकतामा राख्दै विशेष कार्यक्रम लागू गरिएको बताएका हुन् । 'प्रदेशमा कुपोषण एउटा प्रमुख स्वास्थ्य समस्याको रुपमा देखा परेको छ । पोषणको अवस्थामा सुधार ल्याउन विशेष कार्यक्रम लागू गरेका छौं,' मुख्यमन्त्री आचार्यले भने-'मातृ शिशु मृत्युदरलाई घटाउछौं । पोषणको अवस्थालाई सुधार गर्छौं । बाल मृत्युदर घटाउँछौं । सरकारले यि क्षेत्रमा उपलब्धि हासिल गर्नेगरी कार्यक्रम अघि सारेको छ ।'

लुम्बिनी प्रदेश सरकारले महिला, बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार कार्यक्रम लागु गरेको हो । यो कार्यक्रमले नागरिकको स्वास्थ्य र जीवनस्तर सुधार गर्न मद्दत पुग्ने विश्वास गरिएको छ । तथ्यांकगत रुपमा देखिएका स्वास्थ्य समस्यालाई निराकरण गर्नेगरी विशेष कार्यक्रम लागू गरिएको सरकारले जनाएको छ ।

'तथ्यांक हेर्दा हाम्रा सूचकहरु कमजोर छन् । यि कमजोर सूचकहरुलाई माथि उठाउनेगरी लक्षित गरेर कार्यक्रम केन्द्रित गरिएको छ । अबको तीन वर्षमा यि सूचकहरुमा सुधार आउनैपर्छ,' मुख्यमन्त्री आचार्यले भने-'परम्परागत मूल्यमान्यतालाई पनि सुधार गर्दै सामाजिक जागरण र सशक्तिकरणको अभियान चलाउन जरुरी छ ।'

विभिन्न बहानामा अझैं पनि बालविवाह हुने गरेको, जसले गर्दा मातृ मृत्युदर, बाल मृत्युदर, कुपोषण जस्ता समस्या देखा परेको भन्दै मुख्यमन्त्री आचार्यले सबै पक्ष गम्भीर हुनुपर्ने बेला आएको बताए ।


» बाँकी ३ पेजमा





दैनिक लुम्बिनी

## सम्पादकीय

# सुन्तला महोत्सवको सन्देश

पाल्पाको रिब्दीकोट र रैनादेवी छहरा गाउँपालिकाको संयुक्त आयोजनामा मंसिर २२ र २३ गते सुन्तला महोत्सव हुने भएको छ । पाल्पाको रैनादेवी छहरा-५, मुभ्फुङ कटौजेपानीमा हुन लागेको सुन्तला महोत्सव यो दोस्रो हो । गत वर्षदेखि यहाँ सुन्तला महोत्सव हुन लागेको हो ।

शहर बजारमा विभिन्न मेला महोत्सव चलिरहेको बेला गाउँमा भिन्दै खालको महोत्सव हुन लागेको छ। गाउँको कृषि उत्पादनलाई बजारीकरण गर्न यो महोत्सव उपयोगी हुने विश्वास गरिएको छ । पाल्पाका विभिन्न गाउँमा अहिले व्यवसायिक कृषि उत्पादनलाई जोड दिन थालिएको छ । रिब्दीकोट गाउँपालिकाको संयोजनमा भइरहेको अकबरे खुर्सानी खेती गरेर किसानले मनग्ने कमाउन थालेका छन् । अकबरे खेतीबाट कमाई हुन थालेपछि व्यापार व्यवसायका लागि शहर पसेका युवाहरु पनि गाउँ फर्कन थालेका छन् । रिब्दीकोट र रैनादेवी छहरामा अकबरे खुर्सानीपछि सुन्तलाको व्यवसायिक उत्पादन हुन थालेको छ। सुन्तलाको बजार राम्रो छ, त्यसैले किसान आकर्षित छन्। तर रोग किराको उपचार बेलैमा नहुँदा किसान मारमा छन् ।

सुन्तलाको व्यवसायिक विकासका लागि यो महोत्सवले टेवा पुऱ्याउने आशा गर्न सकिन्छ । सुन्तला खेती अर्भै विस्तार गर्न संभव छ, युवा पुस्तालाई कृषि उत्पादनमा लगाउन सकिन्छ। वैदेशिक रोजगारीमा गएका युवालाई फर्काएर व्यवसायिक खेतीमा नलगाई उत्पादन बढाउन सकिन्न । विदेशिएका युवा गाउँ फर्केर उत्पादनको काममा नलागी सुखै छैन। त्यसैले प्रतिफलमुखी उत्पादनमा जोड दिने, रोगकिराको उपचारको प्रबन्ध गर्ने र कृषि अनुदान वितरण पारदर्शी ढंगले गर्ने काम तहगत सरकारले गर्नुपर्छ। कृषि उत्पादन बढाउन प्राविधिक र विषयविज्ञबाट सेवा दिने व्यवस्था हुने हो भने किसानलाई सरकार भएको अनुभूति हुन्थ्यो ।

सुन्तला खेती प्रतिफलमुखी खेती हो । यो खेतीबाट राम्रो आम्दानी गर्न सकिन्छ । मध्यपहाडी क्षेत्रमा हुने सुन्तला खेतीलाई विस्तार गर्न सकिन्छ । उत्पादन भएको सुन्तलाबाट जुसलगायत पेय पदार्थ बनाउन सकिने भएकाले व्यवसायिक विस्तारका लागि किसानलाई प्रेरित गर्नुपर्छ। उत्पादन भएका वस्तुको बजारीकरणको व्यवस्था नमिल्दा धेरै किसान विस्तारै अरु पेशा व्यवसायमा लाग्दै आएका छन् । उत्पादनलाई बजारसँग जोड्ने र किसानले उचित मूल्य पाउने व्यवस्थाको सुनिश्चित गर्ने काम सरकारको हो ।

शहर बजारतिर विभिन्न खालका मेला महोत्सव चलिरहेको बेला कृषि उत्पादनको व्यवसायिक प्रवर्द्धनको लागि गरिएको यो महोत्सवले भिन्दै सन्देश दिएको छ ।

महोत्सवमा कति मान्छे आए र कति रुपैयाँको कारोबार भयो भन्ने प्रश्न ठूलो होइन्, महोत्सवले दिने सन्देश ठूलो हो । किसान, उपभोक्ता र सरकारी निकायले महत्वपूर्ण सिकाइ अवसरका रुपमा महोत्सवलाई उपयोग गर्नुपर्छ ।

# स्थानीय निकायको उप-निर्वाचन






**विनबहादुर कुँवर**

**नेताहरुबाट त्यस्तो क्रान्तिकारी विकल्प सम्भव नै छैन। कांग्रेस अनि अरु मधेशवादी दलका त कुरै नगरौं हिजो क्रान्तिकारी विद्रोह गर्न तम्सिएका जस्तो ओली, प्रचण्ड र विप्लवहरु जसरी यो राज्य व्यवस्था छिरिसकेपछि विस्तारै विस्तारै पुराना पंचे, मण्डले, कांग्रेस जस्तै भइसकेका छन्। त्यसैले यसको विकल्प भनेको यो सामन्ती दलाल र नोकरशाही बुर्जुवा अर्थात् दलाल पूँजीवादी व्यवस्थाको ध्वंश र नयाँ जनवादी राज्य सत्ता र व्यवस्थाको थालनी नै हो।**

प्रधानमन्त्री केपी ओली चीन भ्रमण सकी देश फर्केका छन्। चिनियाँ प्रधानमन्त्री र राष्ट्रपतिसँगको भेटवार्ता पछि बिआरआइ सहित केही अरु समभ्रदारी र सहमति भएको छ। यो प्रम ओलीको चीन भ्रमणलाई लिएर विभिन्न कोणबाट चर्चा परिचर्चा भइरहेको छ। त्यस्तै हालै मात्र रिक्त केही स्थानीय निकायहरुको उपनिर्वाचन सम्पन्न भएको छ। यसको पनि त्यस्तै चर्चा परिचर्चा भइरहेको छ। कतिपयले यो निर्वाचनलाई आ-आफ्नो दलको हैसियत र शक्ति प्रदर्शन हुने अनुमान पनि गरेका थिए। नभन्दै सबैको आआफ्नो हैसियत पनि यसबाट देखिएको छ। कांग्रेस-एमाले र माओवादीको त्यस्तो खासै फरक देखिएन। यथास्थिति नै देखियो। निर्वाचन हो सधैँ एक नास रहिरहन्छ नै भन्ने छैन। केही थपघट भई नै हाल्छ। कांग्रेसकोमा केही कमी भयो भने एमाले यथास्थितिमा सीमित रहयो भने माओवादीमा केही बढी भएको छ। नत्र भने यी तीन दलको यो चुनावी नतिजा पहिले भन्दा अहिलेकोमा खासै फरक देखिएन। तै पनि यो चुनावी नतिजाले माओवादी केन्द्रलाई भने केही बढी हौसाएको छ।

माओवादी केन्द्रको यो निर्वाचनको परिणामबाट केही बढी हौसिनु पनि स्वाभाविकै छ। सधैभरि कहिले कसको अर्थात् ठूला दल कांग्रेस-एमालेको बैशाखी टेकी चुनाव लड्दै आएको माओवादीलाई अहिले एक्लै चुनाव लड्नु फलामको चिउरा चपाउनु जस्तै कठिन र डर थियो। तैपनि अहिले पनि केही टेको त पाएरै चुनाव माओवादी लडेको थियो। धेरै ठाउँमा समाजवादी केन्द्रको साथ थियो भने कतिपय ठाउँमा अरु साना दल र स्वतन्त्र आदिको साथ थियो। सत्ताधारी दल कांग्रेस-एमालेप्रतिको बढ्दो वितृष्णाले गर्दा केही अलि बढी मत माओवादीले पाएको हुन सक्छ। यत्तिकैमा माओवादी अलि बडी होसिइहाल्नु पर्ने केही छैन। तर अहिले माओवादीका नेता कार्यकर्ता सबैको खुट्टा थातमा छैन। अभ्र अध्यक्ष प्रचण्डको हर्षको त कुरै नगरौ घिरौला जत्रो नाक बनाइसकेका छन्।

पहिलो कुरा त यो निर्वाचन त्यस्तो ठूलो राष्ट्रिय स्तरको निर्वाचन होइन। स्थानीय निकायको उपनिर्वाचन मात्र हो। यसैको चुनावी परिणामको आधारमा कसको दलीय हैसियत र शक्ति कस्तो छ ? अहिले नै निर्क्यौल गर्न सकिदैन। त्यसमा पनि स्थानीय निकाय दलीय आधारमा भन्दा पनि बढी व्यक्तिगत भूमिकाले बढी काम गरेको हुन्छ। अर्को कुरा यस्ता कुनै पनि निर्वाचन स्वच्छ र धाँधलीरहित हुनै सक्दैन। साम, दाम, दण्ड र भेद अर्थात् मनि र मसल सुरा-सुन्दरी सबैको दुरुपयोग बढी नै हुन्छ। सत्ताधारीले सत्ताको प्रयोग गर्छ भने प्रतिपक्षले मनि र मसलको प्रयोग बढी गर्दछ। एउटा कुरा यो निर्वाचनमा सत्ताधारी आफैमा विभाजित अर्थात् कांग्रेस-एमाले दुवैका आ-आफ्नै उम्मेदवार भएकाले पनि त्यति बढी सत्ताको दुरुपयोग हुन सकेन। यस अर्थमा पनि माओवादीलाई यो निर्वाचन अलि बढी फाइदाजनक हुन गयो।

यस्तै यो निर्वाचनमा माओवादीलाई बढी फाइदा हुनका पछाडि रास्वपाका सभापति रवि लामिछानेको गिरफ्तारी र ठगी प्रकरणमा माओवादी मौन बस्नाले पनि भयो। कांग्रेस-एमाले विरुद्धको आक्रोसलाई रवि लामिछानेका समर्थकहरुले माओवादीलाई साथ दिन पुगे। कतिय ठाउँमा त खुलेकै रविका मान्छेहरुले माओवादीलाई साथ दिए भने धेरै जसो ठाउँ आआफ्ना उम्मेदवार उठाए पनि कांग्रेस-एमालेका उम्मेदवारलाईजिताउनुभन्दामाओवादीका उम्मेदवारहरुलाई नै जिताउनमा भूमिका खेले। त्यही भएर धेरै जसो ठाउँमा रास्वपाका उम्मेदवारहरुको जमानी नै जफत हुन गयो। कालान्तरमा ढिलो चाँडो रवि लामिछानेको पार्टी माओवादीमा विलय भई जाने देखिन्छ। काम-व्यवहार र चरित्र सबै मिल्छ। दुवैमा सस्तो लोकप्रियता अनि स्टनवाज। विचार, सिद्धान्तभन्दा बढी व्यक्तिवाद। यता प्रचण्ड उता रवि दुवै खुराफाती।

यो निर्वाचनले रास्वपाले भन्दा राप्रपा पुराना पञ्चे-मण्डले र दरबारियाहरुले त एक सिट पनि जित्न सकेनन्। सबै जमानत जफत। यहाँ पनि नयाँले पुरानालाई विस्थापित गरे जस्तै माओवादीले यी पुराना पञ्चे-मण्डले र दरबारियाहरुलाई पनि विस्थापित गराउँदै छन्। स्वयं नयाँ नै विस्तारै दरबारिया बन्न थालिसकेपछि पुरानाहरु त्यत्तिकै विस्थापित हुँदै जाने स्वाभाविक छ। केही महिना पहिले प्रचण्ड-ज्ञानेन्द्रको गोप्य भेटवार्ता अनि प्रचण्ड र रविन्द्र मिश्रको प्रचण्ड निवासमा नै घण्टौंसम्मको भेटवार्ताको असर पनि यो निर्वाचनमा परेको पो हो कि ?

यी सबै भन्दा पनि यो निर्वाचनमा बढी फाइदा माओवादीलाई विप्लव समूहका कारणले पनि भयो। आफ्नो उम्मेदवार कतै नउठाई खाली माओवादी उम्मेदवारलाई मात्रै सहयोग गर्ने विप्लव समूहको निर्णयले गर्दा माओवादीलाई यो चुनावी परिणाम केही सफल जस्तो देखियो। यसले व्यक्तिगत रुपमा विप्लवलाई पनि बढी फाइदा पुग्ने भएको छ। पार्टी एकीकरणपछि पार्टी महासचिवका लागि विप्लवको पदीय हैसियतमा थप सहयोग पुग्ने देखिन्छ। यसले वर्षमान पुन, जनार्दन र महासचिव देव गुरुङलाई अलि पछि पार्ने संकेत देखिंदैछ। जे होस् यो चुनावमा माओवादी प्रचण्डलाई विप्लवले राम्रैसँग ठूलो गुन लगाएका छन्। यसको बदलामा निश्चय नै प्रचण्डले पार्टी एकीकरणको साथमा विप्लवलाई महासचिव बनाउने निश्चित जस्तै छ। यसरी विप्लवको तथाकथित एकीकृत जनक्रान्ति यही एक मात्र पदीय हैसियतमा टुंगिने देखिन्छ।

संसद र संसदीय व्यवस्था अनि यसका निर्वाचन सबै देखावटी नौटंकी मात्रै हुन्। खास देश र जनताको हित यसबाट हुँदैन। तैपनि जनता नचाहँदा नचाहाँदै भोट दिन बाध्य छन्। अर्को विकल्प नै छैन। कुनै बेला क्रान्तिकारी विकल्प दिन खोजेका सबै घुम्दै फिर्दै यही राज्य सत्ता र व्यवस्थाका कारिन्दा भइसकेका छन्। भ्रापा विद्रोह, दश वर्षे माओवादी जनयुद्ध अनि दुई वर्षे एकीकृत जनक्रान्तिका नायक जस्ता प्रम ओली, माओवादी अध्यक्ष प्रचण्ड र नेकपाका महासचिव विप्लव यी सबैको हालत र अवस्था त्यस्तै छ। विगतको निर्वाचनमा स्वतन्त्र भनिनेहरुले यस्तै केही विकल्प दिन निर्वाचनमा होमिएका थिए। कांग्रेस, एमाले र माओवादीहरुको विकल्पमा केही राम्रो चुनावी परिणाम पनि देखाए। तर यी सबै छिटै नाङ्गिए। जनताको यो जनमतलाई आआफ्नो पदीय स्वार्थमा लगि टुंगाए। रवि, सिके र रंजिता यी सबै अहिले जनताबाट तिरस्कृत भइसके। जस्तो भए पनि खाए खा नखाए घिच भने जस्तै जनताले फेरि यिनै तीन दल कांग्रेस, एमाले र माओवादीहरुलाई नै मत हाली जिताए। तैपनि आम जनतामा यिनीहरुप्रति घृणा नै छ। क्रान्तिकारी विकल्प दिन सके जनता सबै त्यसैको पर्खाइमा छन्। यही राज्य व्यवस्था र यस प्रकारका निर्वाचन अनि यिनै नेताहरुबाट त्यस्तो क्रान्तिकारी विकल्प सम्भव नै छैन। कांग्रेस अनि अरु मधेशवादी दलका त कुरै नगरौं हिजो क्रान्तिकारी विद्रोह गर्न तम्सिएका जस्तो ओली, प्रचण्ड र विप्लवहरु जसरी यो राज्य व्यवस्था छिरिसकेपछि विस्तारै विस्तारै पुराना पंचे, मण्डले, कांग्रेस जस्तै भइसकेका छन्। त्यसैले यसको विकल्प भनेको यो सामन्ती दलाल र नोकरशाही बुर्जुवा अर्थात् दलाल पूँजीवादी व्यवस्थाको ध्वंश र नयाँ जनवादी राज्य सत्ता र व्यवस्थाको थालनी नै हो।

# १६ अङ्कले घट्यो नेप्से, यो साता परिसूचकमा १४ अङ्कको गिरावट



काठमाडौँ। साताको अन्तिम कारोबार दिन बिहीबार सेयर बजार १५.९३ अङ्कले घटेको छ। घटेको बजारमा परिसूचक २७३४.९३ बिन्दुमा ओर्लिएको छ।

यो सातामा समग्रमा परिसूचकमा १४ अङ्कको गिरावट देखिएको छ। अघिल्लो साता बजार बन्द हुँदा परिसूचक २७४८ बिन्दुमा थियो। यो आइतबार बजार १० अङ्कले घट्यो। सोमबार २० अङ्कले बढ्यो भने मंगलबार १८ अङ्कले उक्लियो। बुधबार र बिहीबार भने बजार घट्यो। बुधबार २५ अङ्कले घट्दै परिसूचक २७५० बिन्दुमा थियो।

कारोबार भएकामध्ये ४० कम्पनीको मूल्य बढेको छ। २०१ कम्पनीको मूल्य घटेको छ भने तीन कम्पनीको स्थिर रह्यो। बिहीबार ८ अर्ब ३६ करोड ९६ लाख रुपैयाँ बराबरको सेयर किनबेच भएको छ। खानीखोला हाइड्रोपावर, सुपरमादी हाइड्रो र मानुषी लघुवित्तको सेयर मूल्य ९ प्रतिशतभन्दा बढीले उकालो लागेको छ।

कारोबार रकमका हिसाबले नेपाल फाइनान्स कम्पनी शीर्ष नम्बरमा रह्यो। यसको ४२ करोड १९ लाख ३९ हजारको कारोबार भएको छ। बिहीबार व्यापार उपसमूहको सूचक ३.६७ प्रतिशतले बढ्यो। जीवन बिमा कम्पनीको ०.७९ प्रतिशतले बढ्दा अन्य सबै उपसमूहको सूचक भने घटेको छ।

# लैङ्गिक हिंसासम्बन्धी सचेतना

देवदह। रुपन्देहीको देवदह नगरपालिकाले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत लैङ्गिक हिंसासम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरेको छ।

'हामी सबैको प्रतिबद्धताः लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता' भन्ने मूल नारासहित विद्यार्थीहरुलाई लैङ्गिक हिंसासम्बन्धी सचेतना कार्यक्रम गरेको हो। देवदह क्षेत्रमा रहेका विद्यालयमा अध्ययनरत विद्यार्थी, बाल क्लबका पदाधिकारीहरुलाई लैङ्गिक हिंसासम्बन्धी सचेतना कार्यक्रम गरेको हो।

कार्यक्रममा बोल्दै देवदह नगरपालिकाका नगर उप-प्रमुख विद्यालक्ष्मी गुरुङले समाजमा लिङ्गका आधारमा गरिने भेदभावलाई निरुत्साहित गर्नका लागि सचेतना कार्यक्रम आयोजना गरिएको बताइन। अहिले पनि धेरै अशिक्षित महिला छन्। हिंसामा परेपछि कहाँ जाने के गर्ने भन्ने जानकारी हुँदैन। जसका कारण न्याय प्राप्त गर्न असहज भएको हुन्छ। सचेतना कार्यक्रमले हिंसा न्यूनीकरण गर्न सहयोग पुग्ने उप-प्रमुख गुरुङको भनाइ थियो।

सचेतना कार्यक्रमको मानवअधिकारकर्मी रिमा बिसीले सहजीकरण गरेकी थिइन। बिसीले लैङ्गिक हिंसा भनेको के हो, लैङ्गिक समानताका लागि स्थानीय सरकारको भूमिका, सेतो रिबनको अर्थ, लैङ्गिक हिंसालगायतको बारेमा सहजीकरण गरेकी थिइन। साथै उनले समाजमा घट्ने हिंसालगायतका विभेदपूर्ण व्यवहारको अन्त्यको लागि गरिने कार्यको विषयमा जानकारी समेत गराएकी थिइन। उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गको अध्यक्षता, उप-प्रमुखसँग महिला कार्यक्रम सञ्चालक समितिका सदस्य संगिता बिकको स्वागत र महिला तथा बालबालिका शाखा प्रमुख इन्दिरा भुसालको सञ्चालनमा कार्यक्रममा राजनैतिक दलका प्रतिनिधि, जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो।

# किवानिज लुम्बिनीमा पद हस्तान्तरण

तिलोत्तमा। सामुदायिक विद्यालयका गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि काम गर्दै आइरहेको किवानिज क्लव अफ रुपन्देही लुम्बिनीको सातौं साधारण सभाबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुको पदस्थापन गरिएको छ।

वर्ष २०२३/०२४ का अध्यक्ष मनोज आचार्यले वर्ष २०२४/२५ का अध्यक्ष डा. अमित केसी र निवर्तमान कोषाध्यक्ष रोमनाथ गैरेले वर्तमान कोषाध्यक्ष निरन्जन धिताललाई पदास्थापन गराएका हुन्।

पदस्थापन कार्यक्रममा बोल्दै तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले विभिन्न क्लबहरुले गरेका सामाजिक गतिविधिका कारण तिलोत्तमा नगरको गरिमा बढेको र क्लबहरुसँग सहकार्य गरेर काम गर्न नगरपालिका तयार रहेको बताए।

क्लबहरुको उद्देश्य सोसियल, फ्रेण्डशिप, डाइभर्सिटि, डिग्निटी र लिडर्शिपका माध्यमबाट समाजसेवा गर्नु रहेको र राजनीति कर्मी र जनप्रतिनिधिको उद्देश्य पनि समाजसेवा गर्नुरहेकाले समाजको विकासमा क्लबहरुको भूमिका महत्वपूर्ण रहेको उनले बताए। उनले तिलोत्तमा नगरलाई आशा, सम्भावना र अवसरका शहरकारुपमा विकास गर्ने लक्ष रहेकाले यसकालागि पनि क्लबहरुको साथ सहयोग र सक्रियता अवशयक पर्ने बताए।

कार्यक्रममा निवर्तमान अध्यक्ष मनोज आचार्यले एक वर्षको कार्यकालमा क्लबका सदस्यहरुबाट आर्थिक संकलन गरी तिलोत्तमा नगर क्षेत्रमा रहेका १७ वटा सामुदायिक विद्यालय र सरस्वती पञ्चायतन मन्दिर बैद्धिक आश्रमका बटुकसहित ५ हजार बढी विद्यार्थीहरुलाई खाद्यान्न, स्टेशनरी, जुत्ता, न्यानो कपडालगायतका शैक्षिक सामाग्री प्रदान गरिएको जनाए। उनले आफ्नो कार्यकालमा सहयोग गर्ने क्लबका संस्थापक अध्यक्ष दिपेश शाही, पूर्व अध्यक्षहरु सूरज पंगेनी, प्रमोद थापा, दिपक भण्डारी र अमनमान श्रेष्ठलाई दोसल्ला ओढाएर सम्मान गर्नुका साथै कार्यसमितिका पदाधिकारी र सस्यहरुलाई मायाको चिनो प्रदान गरेका थिए।

क्लबका केन्द्रीय सचिव शिव काफ्लेले सामाजिक क्षेत्रमा सेवामूलक कार्यगर्नेमा किवानिज क्लब रुपन्देही देशभरमै पहिलो क्लब रहेको भन्दै अब केन्द्रको नेतृत्व लिन र अन्तर्राष्ट्रिय फण्ड ल्याउन पहल गर्न आग्रह गरे।

क्लबका निर्वाचित अध्यक्ष डा. अमित केसीले सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई सहयोग गर्ने कार्यलाई निरन्तरता दिँदै तिलोत्तमाका ४३ वटा सामुदायिक विद्यालयका सबै विद्यार्थीहरुको निःशुल्क आँखा परीक्षण गर्ने प्रतिबद्धता जनाए।

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४
२०८१ मंसिर २१, गते शुक्रबार
Friday Dec.06, 2024
न.प.जि.प्र.का.द.न.४/०४५/०४६


**पोषण...**

'बालविवाह नगर्ने, गरेको खण्डमा कानुनी कारबाही हुनेसम्मको व्यवस्था छ । तर, अझै यो समस्या समाधान हुन सकेको छैन,' उनले भने-'बनेका कानुनको कार्यान्वयन गर्दै सामाजिक जागरण र सचेतना अभिवृद्धिको कार्यक्रम व्यापक बनाउन जरुरी छ ।'

स्वास्थ्य क्षेत्र सुधार गर्न साझा प्रयास र प्रयत्नको खाँचो पर्ने भनाइ उनको छ । दातृ निकायसँग साझेदारी गरेर कार्यक्रम अघि बढाउनुपर्ने भन्दै त्यसकालागि लगानी केन्द्रित गर्न आह्वान समेत उनले गरे ।

प्रदेशका १२ जिल्लालाई आधार मानेर स्वास्थ्य मन्त्रालयमार्फत् कार्यक्रम कार्यान्वयनमा लगिएको छ ।

आरआरएनको आयोजनामा रोल्पाको रुन्टीगढी र त्रिवेणी गाउँपालिका पोषण सुधार परियोजना लागू भएको थियो । जुन परियोजनाले हासिल गरेको अनुभव तथा सिकाइ आदानप्रदान गरिएको छ ।

कार्यक्रममा मुख्यमन्त्री आचार्यलाई पोषण सुधारकालागि खाद्य तथा पोषण सञ्जालका अध्यक्ष गीता नेपालीले ११ बुँदे ज्ञापनपत्र समेत बुझाएकी थिइन । प्रदेशस्तरीय नीति निर्माण, पोषण शिक्षा तथा पुनर्स्थापना कार्यक्रम लागू गर्नुपर्ने लगायतका माग समेटिएका छन् ।

# कावासोती नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)**

**गण्डकी प्रदेश, नेपाल**

## विज्ञापन करको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी १५ दिने सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१५

दोश्रो पटक प्रकाशित मिति : २०८१/०७/३०

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को उपदफा १ (घ) बमोजिम यस नगरपालिकाको आ.व.२०८१/०८२ र आ.व.२०८२/०८३ को लागि विज्ञापन कर उठाउने कार्यको बोलपत्रका माध्ययमद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सहभागी हुन ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ ।

विवरण :

| क्र. सं. | आय ठेक्का नं. | करको विवरण | न्युनतम अंक | बोलपत्र जमानत | बोलपत्र दस्तूर |
|---|---|---|---|---|---|
| १ | ०१/२०८१/०८२ | आ.व.२०८१/०८२ र ०८२/०८३ को लागि विज्ञापन कर उठाउने कार्य | मू.अ. कर र अग्रिम आयकर बाहेक प्रति बर्ष रु.६,००,०००/- | मू.अ.कर सहितको कबोल अंकको ५% ले हुने रकम वा सो बराबरको बैंक जमानत | रु.१,०००/- |

**ठेक्का सम्बन्धि शर्तहरु :**

१. बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र रु.१,०००/- (फिर्ता नहुने गरि) तिरि खरिद गर्न सकिनेछ । यसका लागि फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाणपत्र आ.व. २०७९/०८० को कर चुक्ताको म्याद थप वा आ.व. २०८०/०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ ।
२. बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सोही दिनको २:०० बजे बोलपत्र खोलिनेछ ।
३. बोलपत्रसाथ आँफुले कबोल गरेको मू.अ.कर सहितको अंकको ५% ले हुने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक कावासोती शाखामा रहेको ग-३ धरौटी खाता नं. ३२००१००३०३००००३ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्र सदर भएपछि बोलपत्र दाताले ठेक्का सम्झौताका बखत सम्पूर्ण रकम एकमुष्ठ रुपमा बुझाउनु पर्नेछ । आन्तरिक राजस्व कार्यालयमा १३% ले हुने मू.अ.कर वापतको रकम र मु.अ.कर वाहेकको रकमको १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरिक राजस्व कार्यालयको खातामा दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ ।
५. ठेक्का अवधि आ.व.२०८१/०८२ र आ.व.२०८२/०८३ को लागि मात्र हुनेछ । सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ ।
६. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।
७. तिनै तहको सरकारले प्रतिबन्ध लगाएको तथा आम नागरिकलाई प्रतिकुल असर पार्ने खालका होर्डिङ्ग बोर्ड राख्न पाइने छैन । स्वदेशी उत्पादनलाई बढावा दिने खालका विज्ञापनका बोर्डहरुलाई प्राथमिकता दिनुपर्नेछ ।
८. तिनै तहका सरकारद्वारा जारि गरिएका जनचेतनामूलक होर्डिङ्ग बोर्डबाट कर संकलन गर्न पाईने छैन ।
९. सार्वजनिक लगायत निजी स्थानमा राखिएका होर्डिङ्ग बोर्ड, वाल पेण्टिङ्ग, फ्ल्यास व्यानर आदी जस्ता व्यवसायिक विज्ञापनहरुको मात्र विज्ञापन कर उठाउन पाईनेछ ।
१०. अन्य जानकारीको लागि कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।
११. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# Tansen Municipality

**Office of the municipal Executive**

**Tansen, Palpa**

**Lumbini Province, Nepal**

## Request for Expression of Interest

**Government of Nepal (GON)**

Name of Employer: Tansen Municipality

Date: 06-12-2024 06:00

Name of Project: Capacity Development and life Skill training for youth Employement Transformation Initiative Project in tansen Municipality.

1. Government of Nepal (GON) has allocated fund toward the cost of Capacity Development and life Skill training for youth Employement Transformation Initiative Project in tansen Municipality. and intend to apply portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service
2. The Tansen Municipality now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: Capacity Development and life Skill training for youth Employement Transformation Initiative Project in tansen Municipality.
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address Tansen Municipality,Tansen Municipality Palpa Lumbini Province Nepal during office hours on or before 22-12-2024 12:00 or visit e-GP system www.bolpatra.gov.np/egp or visit the client's website www.tansenmun.gov.np
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp Tansen municipality Office] on or before 22-12-2024 12:00
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on Qualification 30.0%, Experience 50.0%, and Capacity 20.0% of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. Minimum score to pass the EOI is 60

Chief Administrative Officer

# Madhyabindu Municipal Hospital

**Madhyabindu-7, Chormara, Nawalparasi(East of Bardghat Susta)**

**Gandaki Province, Nepal**

## Invitation for Bid

First Date of publication: 2024-12-06

1. Madhyabindu Municipal Hospital has own resources and has allocated funds towards the cost of Goods and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipal Hospital invites Electronic Bids from eligible bidders for the following goods.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipal Hospital, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With out VAT) | Cost of Bidding Document Nrs. Bid security Amount Nrs. | Validity for bid documents / bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 02/NCB/GOODS/2081/82 | Procurement of Cardiodiabetic and Other Medicine | NCB-GOODS | 4909143.474 | 3000/- | 1,25,000.00 | 2025-01-05 12.00 | 2025-01-05 14.00 |

Chief Administrative Officer

# रैनादेवी छहरा गाँउपालिका

**गाँउकार्यपालिकाको कार्यालय**

**छहरा, पाल्पा ।**

## आशय पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१-०८-२१

मिति मिति २०८१-०६-०७ गते दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सूचना अनुसार रीतपुर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिलठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं | आयोजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक(मु.अ कर बाहेक पि.एस. सहित) |
|---|---|---|---|
| RRM/PAL/W/NCB-02/2081-82 | Upgrading of Sundaredhunga -Juthapauwa-Saljhandi Road(Nepane Juthapauwa Section) (Ch3+000 to 4+100) | पृथ्वी निर्माण सेवा, बेनिघाट-०८,धादिङ्ग | रु. १,७१,७१,९०४।२२ |

प्रमुख प्रशासकीय अधिकृत

# सरुमारानी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

**बड्डाँडा,प्यूठान**

**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

प्रकाशित मिति : २०८१/०८/२१

यस कार्यालयबाट मिति २०८१/०७/२६ गते बोलपत्र आह्वान भए वमोजिमको खरिद नं. SRM/NCB/Works/03-081/82अनुसार ऐरावती, वड्डाडा, पुठाखोला, दाङ्ग सडक स्तरोन्ती योजना निर्माण कार्यको लागि रीतपुर्बक दर्ता हुन आएका बोलपत्रहरु बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राहि भै स्वीकृतीको लागि पेश भएको हुँदा सार्बजनिक खरीद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा २ तथा सोहि ऐनको दफा ४७ को प्रयोजनको लागि सातदिने बोलपत्र स्वीकृत गर्ने आशयको सुचना सरोकारवाला सबैको जानकारीको लागि जारी गरीएको छ ।

| सि.नं | खरीद नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोलअंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | SRM/NCB/Works/03-081/82 | ऐरावती, वड्डाडा, पुठाखोला, दाङ्ग सडक स्तरोन्ती योजना | सुन्छहरी कन्स्ट्रक्सनप्रा.लि. काठमाण्डौ-३२ | रु. १,५०,४१,२३०।२५ |

प्रमुख प्रशासकीय अधिकृत

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रुपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी

# गाउँका विद्यार्थी तम्घासमा, तम्घासका गाउँमा



**प्रेम सुनार**
*गुल्मी*

गुल्मीको सदरमुकाम तम्घासका सामुदायिक विद्यालयहरुले स्कुल बस सञ्चालनमा ल्याएदेखि दक्षिण गौँडाकोट अगाडिसम्म र पश्चिम सिमलटारीसम्म गाउँका विद्यार्थी पढ्न ल्याउने गरेका छन् ।

तर , गजबको कुरा त के छ भने यसै तम्घासका गरिबका छोरा छोरी भने हिंडेर गाउँका विद्यालयमा पढ्न जान्छन् । यो आजकल मात्रै होइन, साविक तम्घास गाविस हुँदादेखि नै यसरी गाउँका विद्यार्थी तम्घासका सामुदायिक विद्यालयमा र तम्घासका विद्यार्थी गाउँको सामुदायिक विद्यालयमा हिंडेर पढ्न जाने गरेका हुन् ।

त्यो गाउँको विद्यालय हो, साविक अर्खले गाविस वडा नम्बर ७ र हालको रेसुङ्गा नगरपालिका ४ मा पर्ने अर्खलेको बुद्ध माध्यमिक विद्यालय । त्यस विद्यालयमा तम्घासको उदिनढुङ्गा, धागिधुम र उपल्लो तम्घाससम्मबाट कुल ३५ जना विद्यार्थी पढ्न आउने गरेको प्रधानाध्यापक गणेशबहादुर अधिकारी बताउँछन् ।

त्यहाँकी शिक्षिका शान्त भण्डारीका अनुसार ३५ जना मध्ये २९ जना दलित समुदायका विद्यार्थी छन् भने ६ जना मात्र अन्य जातिका छन् । उनीहरुलाई निःशुल्क भर्ना, कपी कलम, पुस्तक र ड्रेश समेत उपलब्ध गराउने भएपछि ति विपन्न विद्यार्थीहरुको पहुँचमा बुद्ध माध्यमिक विद्यालय हुन पुगेको हो । शिक्षिका भण्डारीका अनुसार साविक अर्खले गाविस वडा नम्बर ७ छँदादेखि नै साविक तम्घास गाविस २ हालको पनि रेनपा २ बाट विद्यार्थीहरु त्यस विद्यालयमा नर्सरीदेखि कक्षा १० सम्म पढ्दै आएका छन् ।

यसबाट प्रष्ट हुन्छ कि उपल्लो तम्घास मावि , सिद्धबाबा मावि , महेन्द्र नमूना माविसहित तम्घासका ४ वटा सामुदायिक विद्यालयहरु अति विपन्नका छोराछोरीहरुको पहुँचमा हुन सकेका छैनन् ।

तर स्कुल बस सञ्चालनमा ल्याएदेखि उपल्लो तम्घास मावि बाहेक अन्य तीन वटा माविले गाउँमा रहेका धनीका छोराछोरी भने नर्सरी कक्षादेखि नै ओसार्न थालेका छन् । यसबाट गाउँका विद्यालयहरु सुक्ने अवस्थामा पुगेको त्यहाँका शैक्षिक क्षेत्रका व्यक्तिहरुले गुनासो सुनाउँछन् । सामुदायिक विद्यालयबिचमै यस्तो अवस्थाबारे रेसुङ्गा नगरपालिकासहित यहाँको शैक्षिक सरोकारवालाहरुले गहिरिएर समीक्षा गर्ने कि ?

तम्घासको घरै र डेरै अगाडिको सामुदायिक विद्यालय छाडेर गाउँको विद्यालयमा पढ्न जाने बाध्यताको अन्त्य गर्ने वा बुद्ध माध्यमिक विद्यालय पुरस्कृत र पालिकाले बजेट दिएर प्रोत्साहित गर्दै त्यस विद्यालयमा यस्ता वर्गका विद्यार्थीहरुको संख्या अझैं बढाउने कि ?

# इतिहासकार राणाको निधन



बुटवल । इतिहासकार पुरुषोत्तम शमशेर जबराको बिहीबार निधन भएको छ । ललितपुरस्थित नेपाल मेडिसिटी अस्पतालमा उपचारका क्रममा उनको निधन भएको हो । उनी ९९ वर्षका थिए ।

केही दिनदेखि उपचारका लागि भर्ना भएका उनको बिहीबार मध्याह्न सवा १२ बजे निधन भएको अस्पतालका सूचना अधिकारीले जानकारी दिएका छन् । राणा लामो समयदेखि मृगौलासम्बन्धी रोगबाट ग्रस्त थिए । राणाका 'श्री ३ हरूको तथ्य वृत्तान्त'(तीन भाग), 'राणाकालीन प्रमुख ऐतिहासिक दरबारहरू', 'सम्झेका र सुनेका कुराहरू', 'भएका र गुज्रेका घट्नाहरू', 'लुकेछिपेका प्रतिभाहरू', 'मेरा जीवनका स्मृतिहरू', 'जङ्गबहादुर र राणाकालीन दर्पण'लगायतका पुस्तक प्रकाशित छन् ।राणाको जन्म १९८२ साल चैत्र १५ मा काठमाडौंस्थित चारबुर्जा दरबार हालको निर्वाचन आयोग रहेको भवनमा भएको थियो । राणा रुद्र शमशेरका नाति र इश्वर शमशेरका छोरा हुन् । जुद्ध शमशेरले हजुरबुवा रुद्र शमशेरलाई पाल्पा खेदेपछि उनी हजुरबुबासँगै पाल्पा पुगेका थिए । त्यसबेला उनी ८ वर्षका थिए । पाल्पा दरबारमै लेखपढ सिकेका उनले बनारस हिन्दु विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेका थिए ।

२००७ सालको राणा शासन विरोधी आन्दोलनमा उनी सामेल भएका थिए । आन्दोलनकारीलाई रसदपानीको बन्दोबस्त गर्न उनी पाल्पामा खटिएका थिए ।

२००७ सालमा राजा त्रिभुवनदिल्ली जानुअघि पाल्पा लैजाने तयारी थियो । पाल्पामा राजाको लागि आवश्यक सुरक्षा र बासको लागि आवश्यक तयारी गर्नेमध्ये उनी एक थिए ।

# धरानका मेयरको हर्कतप्रति आपत्ति



बुटवल । नेपाल पत्रकार महासंघले धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङ राईको अभिव्यक्तिप्रति आपत्ति जनाएको छ ।

पत्रकार महासंघका सुनसरीका अध्यक्ष जनकऋषि राई र महासंघका राष्ट्रिय परिषद् सदस्य गोपाल दाहाललाई समाचारको विषयलाई लिएर प्रमुख राईले सामाजिक सञ्जाल फेसबुकमार्फत् स्ट्याटस लेखर धम्की दिएको घटनाप्रति ध्यानाकर्षण भएको महासंघले जनाएको छ ।

खोज पत्रकारिता केन्द्र (खोपके) मा पत्रकार गोपाल दाहालले हर्क साम्पाङकोबारे लेखेको समाचार प्रकाशित भएपछि प्रमुख साम्पाङले समाजिक सञ्जालमा 'खोज पत्रकारिता केन्द्रका गोपाल दाहाल या कोही प्रतिनिधि मंसिर २० गते १० बजे धरान १८ को ग्रीन टीमा हाजिर हुनु ।

अन्यथा तेरो खोज पत्रकारिताको अन्त्य गरदिएनछु भने मेरो नाम हर्क साम्पाङ होइन ।' भनेर सामाजिक सञ्जालमा धम्कीपूर्ण स्ट्याटस लेखेका थिए ।

सो स्ट्याटसप्रति आपत्ति जनाउँदै महासंघले विज्ञप्तिमार्फत् भनेको छ-'समाचारप्रति चित्त नबुझे त्यसउपर कानुनी प्रक्रिया जाने या प्रेस काउन्सिल नेपालमा उजुरी गर्न सकिने स्थापित प्रावधान छ । यसलाई बेवास्ता गर्दै सार्वजनिक पदधारी प्रमुखजस्तो जिम्मेवार व्यक्तिबाट गरिएको यो हर्कत अन्यन्त निन्दनीय हुनुका साथै प्रेस स्वतन्त्रतामाथिको ज्यादती हो ।'साम्पाङको यो अराजक र अशोभनीय हर्कतले पत्रकारलाई पेसाप्रति हतोत्साहित र त्रसित बनाउनुका साथै विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा समेत आघात पुग्ने महासंघको ठहर छ ।

महासंघले प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न र यस किसिमका घटना दोहोरिन नदिने वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग गरेको छ ।

## दिव्यज्योति माध्यमिक विद्यालय

**बर्दघाट-२ चिसापानी, नवलपरासी**

## आवश्यकता

मितिः २०८१/०८/२१

उपर्युक्त सम्बन्धमा यस दिव्यज्योति माध्यमिक विद्यालय बर्दघाट-२, चिसापानी, नवलपरासीको लागि विद्यालय सहायक कर्मचारी पदको पदपुर्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसारको नेपाली नागरिकबाट दरखास्त आब्हान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं.** :०३/०८१/०८२   **पद** :विद्यालय सहायक कर्मचारी   **संख्या** :१ (एक)

**तलवः** नेपाल सरकारको नियमानुसार

**योग्यता** : लेखाशास्त्रमा कक्षा १२ उत्तीर्ण (लेखा र कम्प्युटरमा दक्ष)

**उमेर** :४० वर्ष ननाघेको

**परिक्षाको किसिम** : लिखित, अन्तरवार्ता र प्रयोगात्मक (आवश्यक परेमा )

**परीक्षा दस्तुर** : रु. ७००/- (बैंक भौचर संलग्न गर्नुपर्ने )

**दरखास्त बुझाउने अन्तिम मिति** : २०८१ पौष ५ गते

**परीक्षा मितिः**सम्पर्क मिति मा तोकिने छ ।

**सम्पर्क मिति** : २०८१ पौष ६ गते

**आवश्यक कागजातहरु** : शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, निरोगिताको प्रमाणित प्रतिलिपि, हस्तलिखित निवेदन साथ संलग्न गर्नुपर्ने छ ।

**बैंक खाता नं.** : रा. वा. बैंक, बर्दघाट शाखा ३३३०१००००००३६००१

**सम्पर्क** : ९८४७०२५५७७, ९७४०९७९०००

# दुर्घटनामा एक जनाको मृत्यु




नवलपुर । नवलपुरमा मोटरसाइकल दुर्घटनामा परी एकजनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार नवलपुरको गैंडाकोट नगरपालिका ४ इट्टा भट्टीस्थित कालीगण्डकी करिडोर सडक खण्डमा भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको हो भने एक जना गम्भीर घाइते भएका छन् ।

ढोडेनिबाट गैंडाकोटतर्फ आउँदै गरेको बा.प्र.०६-००१ प ६२७३ नं.को बुलेट मो.सा. चालकले नियन्त्रण गुमाइ दुर्घटना भएको नवलपुर प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी मोटरसाइकल पछाडि सवार रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका -७ बस्ने वर्ष ३५ का पंकज ज्ञवालीको भरतपुर अस्पताल चितवनमा मृत्यु भएको हो ।

दुर्घटनामा परी मोटरसाइकल चालक लम्जुङ जिल्लाको सुन्दरबजार बस्ने वर्ष ३९ का सुकबहादुर गुरुङ गम्भीर घाइते भएको र उनको नयाँ मेडिकल कलेज, चितवनमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# नागरिकका गुनासो सङ्कलन गर्दै रामपुर नगरपालिका

रामपुर (पाल्पा) । नागरिकका गुनासो र अपेक्षा सङ्कलन गर्ने उद्देश्यले रामपुर नगरपालिकाले 'जनप्रतिनिधिसँग संवाद' कार्यक्रम सञ्चालन गरेको छ । नगरपालिकाले १० वटै वडामा सुझावसहित गुनासो सङ्कलन गर्ने उद्देश्यले अभियानका रूपमा कार्यक्रम अघि बढाएको हो ।

स्थानीय सरकारका कामबाट नागरिक सन्तुष्ट छन्/छैनन्, नगरका विभिन्न वडा तथा बस्तीमा भएका प्रगति तथा समस्याबारे स्थानीयसँग प्रत्यक्ष सुझाव सङ्कलन सुरु गरिएको नगरपालिका कार्यालयले जनाएको छ ।

जनप्रतिनिधि प्रत्यक्ष रूपमा वडावडामा पुगेर नगरवासीको गुनासो सुन्ने, विकास निर्माणका साथै सामाजिक काम, आवश्यकताका आधारमा बजेट निकासा, पूर्वाधार निर्माणमा भएका प्रगति र ढिलासुस्ती, आगामी कार्यक्रममा महत्वका साथ समावेश गर्नुपर्ने योजनालगायत विषयमा स्थानीयबाट सुझाव लिन अभियान सञ्चालन गरिएको नगरप्रमुख रमणबहादुर थापाले बताए । उनले आवश्यक सुझावसहित गुनासो प्रस्तुत गर्न स्थानीयलाई आग्रह गरे । नगरपालिकाले वडावडामा सुरु गरेको उक्त कार्यक्रमले वडाभित्रका साना-ठूला सबै समस्या, विकास निर्माणका प्रगति, तत्काल गर्नुपर्ने कामलगायत विषयमा महत्वपूर्ण सुझाव दिन नागरिकलाई अवसर प्राप्त भएको चन्द्रोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक टङ्कनाथ पोखरेलले बताए ।

"नगर प्रमुख, उपप्रमुख, वडाध्यक्षसहित जनप्रतिनिधि, नगरपालिकाका कर्मचारी सबैको उपस्थितिमा प्रत्यक्ष सहभागी भएर गाउँका समस्या, नागरिकका गुनासो, अपेक्षाअनुसार स्थानीय सरकारबाट भएका काम, आगामी दिनमा सुधार गर्नुपर्ने योजनालगायत विषयमा रचनात्मक सुझाव सङ्कलन गर्ने माध्यम यो कार्यक्रम बनेको छ ।"-उनले भने ।नगरपालिकाले वडा नं. १ बाट सुरु गरिएको कार्यक्रम दशवटै वडामा सञ्चालन गरिने नगरका प्रमुख प्रशासकीय अधिकृत सूर्यदर्शन पण्डितले बताए ।

उनका अनुसार वडा नं. १ मा सहभागीले टोल विकास संस्थाको काम तथा संस्था दर्ता र सञ्चालनका लागि बजेट विनियोजन, विकास निर्माणसम्बन्धी प्रगति र ढिलाइ, वडामा सञ्चालित योजना सम्झौता, योजनाको नियमित अनुगमन र मूल्याङ्कन, सरकारी संरचनामा बनेका संरचनाको संरक्षण, सडक सुरक्षा, सवारीसाधनको भाडादर कार्यान्वयन, विद्यालयका शिक्षक दरबन्दी, आपराधिक क्रियाकलाप नियन्त्रणका लागि भएका पहल, आयआर्जनमूलक क्षेत्र, कृषि तथा पशुपालन, पर्यटन, शिक्षा, स्वास्थ्य, सडक स्तरोन्नतिलगायत क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट उपलब्ध गराउन सुझाव व्यक्त गरेका छन् । नागरिकबाट आएका सुझाव र वडाका समस्यालाई नगरपालिकाले आवश्यकता र महत्वका आधारमा प्राथमिकता दिएर काम गर्ने नगरप्रमुख थापाले जनाए । नागरिक र जनप्रतिनिधि एकै ठाउँमा सहभागी भएर नगर तथा वडाका विषयमा संवाद गर्दा तत्काल गर्नुपर्ने काम र समस्या समाधानका विकल्प प्राप्त भएका भन्दै आगामी नीति तथा कार्यक्रममा ती सुझाव समावेश गरी योजना सञ्चालन गरिने उनले उल्लेख गरे ।

वडावडामा संवाद कार्यक्रम सुरु गरेपछि जनप्रतिनिधिले नागरिकका समस्या सुन्ने र जानकारी लिने भएकाले आगामी दिनमा योजना कार्यान्वयनमा सहज हुने प्रमुख प्रशासकीय अधिकृत पण्डितले बताए । नगरपालिकाले थालेको उक्त कार्यक्रम सिधैं नागरिकसँग जोडिएकाले नगरको समग्र विकास निर्माणमा महत्वपूर्ण प्रभाव पार्ने उनको भनाइ छ ।

यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्नेमा नागरिकले जोड दिएका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com